पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : ५ २०६७ भदौ ४ गते शुक्रबार (Aug 20, 2010) मूल्य रू. ५/-

## माओवादीमा नौं रेक्टरको भुकम्प

काठमाडौं / सभाषद् रामकुमारी यादवको ग्याँस दुर्घटनामा निधन भएपछि शोकमा परेको माओवादी जस्तो ठूलो पार्टीलाई तमलोपाले ९ रेक्टरको भुकम्पको धक्का दिएको छ । तमलोपबाट चुनाव जिते पनि सभाषद् रामकुमार शर्मा १४ महिनाअघि माओवादी प्रवेश गरेका थिए । भारतका सुलसुलेका रुपमा परिचित शर्माको 'भित्री लेनदेन र स्वार्थ' नमिलेका कारण शर्माले भारतीय दूतावासका काउन्सुलर सुब्रत दासले आफूलाई मार्नेसम्मको धम्की दिएको खुलासा गरेपछि माओवादीको दबाबमा संसदको मानवअधिकार समितिले दासलाई फिर्ता पठाउनु पर्ने र दूतावसले माफी माग्नु पर्ने निर्देशन सरकारलाई दिएको थियो । यही काण्ड चर्किए पनि भातरकै भित्री चलखेलअनुसार तमलोपाले आफ्नो पार्टीबाट चुनाव जितेर माओवादी प्रवेश गरेका रामकुमार शर्मालाई कारबाही (बाँकी अन्तिम पेजमा)

# राष्ट्रपति विकल्प दिन तयार

काठमाडौं / सेरेमोनिय राष्ट्रपति फेरि राजनीतिक मैदानमा सक्रिय भएका छन् । चार चार पटकसम्म पनि



प्रधानमन्त्री दिन नसक्ने व्यवस्थापिका संसद र ठूला पार्टीहरूसँग राष्ट्रपतिले चिन्ता व्यक्त गर्दै 'छिटो गर' भनेका छन् । पाचौं पटकको चुनावबाट पनि प्रधानमन्त्री चुन्न नसक्ने घटना भयो भने के गर्ने ? यस पंश्नको उत्तर खोज्न राष्ट्रपतिले कानूनी र विज्ञहरूसँग गोप्य रुपमा परामर्श थालेका छन् । राष्ट्रपतिले गोप्यरुपमा भारतीय राजदूतसँग पनि सम्पर्क गर्न थालेको स्रोतहरूले जानकारी दिएका छन् ।

अन्तरिम संविधानअनुसार बनेको व्यवस्थापकीय नियमावली अनुसार जबसम्म कुनै उम्मेदवारले बहुमत ल्याएर सरकार बनाउने स्थिति आउन्न, तबसम्म यसैगरी चुनाव गरिरहनु पर्नेछ । त्यसैले ठूला ३ दल संविधान संशोधन गर्ने विषयमा पनि छलफल गरिहेका छन् । बेलायतको जस्तो बेष्ट मिनिस्टर पद्दतिमात्र भएको भए पनि ठूलो दलले सरकार बनाएर ३० दिनभित्र बहुमत सिद्ध गर्नुहुन्थ्यो । कि त भारतको जस्तो व्यवस्था भएको भएपनि एउटा निकास निस्कन्थ्यो । अन्तरीम संविधान भीरको चिचिन्डो जस्तो बनाए जसका कारणले न हाँसको चाल, न बकुल्लाको चालमा संधिवानसभा उपहास र रमाइलो भेला बन्न पुगेको छ ।

जनआन्दोलनको सफलता, गणतन्त्रको कार्यान्वयन, पूर्व राजाले सर्लक्क जनताको शान्तिका पक्षमा पन्छिएको उत्साहले उत्साहित ३ ठूला दलले त्यतिबेला उद्घोष गरेका थिए, यो राजनीतिक सहमति र सहयात्रा १० वर्षसम्म टुट्दैन । ३ वर्षभित्रै राजनीतिक सहयात्र टुट्यो, एक-दोस्रोप्रति विश्वासको वातावरणसमेत रहेन । स्थिति यस्तो सिर्जना भयो कि कांग्रेस र एमाले माओवादीलाई लडाकू पार्टी बन्द र नागरिक पार्टी बन्न भनिरहेका छन् । माओवादी कांग्रेसको नेतृत्व कुनै पनि हालतमा स्वीकार्य छैन भन्दै एमालेका झलनाथ खनालसम्मलाई मान्न सकिन्छ भनिरहेको छ । विश्वासको यस्तो (बाँकी अन्तिम पेजमा)

## पाचौं पटक नाटक ७ गते मञ्चन



काठमाडौं / भदौ २ गते हुने भनिएको पाचौं पटकको प्रधानमन्त्री चयनको पक्रियाको नाटक ७ गते हुने भएको छ । भदौ २ गते सभाषद् रामकुरमारी यादवको असामयिक निधन भएकोमा शोक प्रस्ताव पारित गर्दै अन्य एजेण्डामा प्रवेश भएन । ठूला ३ दलका प्रमुख सचेकतहरूको आग्रहमा भदौ २ को निर्वाचन ७ गतेलाई सारिएको हो । चार पटकसम्म प्रधानमन्त्री निर्वाचनबाट परिणाम नआएपछि राजननीतिक दलहरूको छटपटि निकै बढेको छ । माधवकुमार नेपाललाई कठपुतली र हरुवा प्रधानमन्त्री भनेर अपहेलना गर्ने माओवादीका अध्यक्ष प्रचण्ड चार पटक चुनाव हारिसकेका छन् । उनले संविधानसभाको निर्वाचन २ ठाउँबाट जिते पनि जनप्रतिनिधिहरूले उनलाई अस्वीकृत गरिदिएका छन् । निश्चित रुपमा भन्न सकिन्छ, भदौ ७ को चुनावमा पनि प्रचण्ड प्रधानमन्त्री पदका लागि अस्वीकृत हुनेछन् । राजनीतिक, (बाँकी तीन पेजमा)

## प्रधानमन्त्रीका लागि पुगेन भ्यागुताको धार्नी

अभियान संवाददाता

काठमाडौं / प्रधानमन्त्री चुन्नका लागि व्यवस्थापिका संसद श्रावण ५, ७, १७ र २१ गते असफल साबित भएर भाद्र २ गते प्रधानमन्त्रीका चुनाव गराउने सहमति भएको भएपनि भ्यागुताको धार्नी नपुगेकै कारण २ गतेपनि मुलुकले नयाँ प्रधानमन्त्री पाउन सकेन । व्यवस्थापिका संसदलाई बाहना चाहिएको थियो, त्यो बाहना मिल्यो, एकीकृत नेकपा माओवादीकी सभाषद रामकुमारी यादवको गत शुक्रबार अर्थात् श्रावण २८ गते आफ्नै घरमा ग्यास सिलिण्डर पड्केर घाइते भएकी थिइन । आगोले शरीरको धेरै भाग जलेपछि उनलाई उपचार गर्न भारत लगिएकोमा भारतमै उनको निधान भएको थियो । उनको पार्थिव शरीरलाई मंगलबार उनकै गृह जिल्ला धनुषामा अन्तिम संस्कार गरिएपछि एकीकृत नेकपा माओवादीले बुधबार प्रधानमन्त्रीको चुनाव नगराउन सभामुखलाई अनुरोध गरेनुसार सभामुखले भाद्र ७ गते पाचौं पटक प्रधानमन्त्रीको चुनाव हुने उद्घोष गरका छन् ।

चार चार पटकसम्म प्रधानमन्त्री चुन्न व्यवस्थापिका संसद असफल साबित भएपछि दलहरूको नैतिकता माथि नै प्रश्न उठेको छ । प्रधानमन्त्रीसम्म चुन्न नसक्ने राजनैतिक दलका नेताहरूले के जनताको लागि कार्य गर्न सक्छन् । संविधानसभाले तोकिएको समयमा अर्थात् २०६७ साल जेठ १४ गतेभित्र संविधान निर्माण गर्न सकेन, अनि संविधानसभाको पदावधि सकिएका सभाषदहरूले आफैंले आफ्नो आयु एक वर्षका लागि लम्ब्याएपनि आजका मिति सम्ममा संविधानसभाको एउटा पनि बैठक बस्न सकेको छैन । राजनैतिक दहलरु सत्ताको पेरिफेरीमै रमाउन थालेका छन् । संधिवानसभाले संविधान निर्माणलाई पहिलो प्राथमिकतामा नराखेको हुनाले दुई वर्षभित्रमा संविधान निर्माण हुन नसेकेको ध्रुव सत्य (बाँकी अन्तिम पेजमा)

## विरोधको अर्को नाटक मञ्चन

अभियान संवाददाता

काठमाडौं / एकीकृत नेकपा माओवादीले छिमेकी मुलुक भारतसँग सम्बन्ध सुर्धाने बताइरहँदा केही दिन पहिले उसका केन्द्रिय सदस्य रामकुमार शर्मालाई भारीय दूतावासका काउन्सुलर सुब्रत दासले ज्यान मार्ने धम्की दिएको भन्दै त्यसका विरुद्ध दूतावास मार्फत् भारत सरकारलाई विरोध पत्र बुझाएको छ । भाद्र १ गते विरोध पत्र बुझाउँदै निज दासलाई तुरुन्दै फिर्ता बोलाउन मागसमेत गरेको छ । विरोध पत्रमा स्वयं माओवादी अध्यक्ष पुष्पकमल दाहालको हस्ताक्षर भएपनि विरोध पत्र केन्द्रिय सदस्य विकेस श्रेष्ठले बुझाएका थिए । माओवादी उपाध्यक्ष नारयणकाजी श्रेष्ठ, विदेश विभाग प्रमुख कृष्णबहादुर महरालगायतका नेताहरू विरोध पत्र दिन जाने कार्यक्रम तय गरिए पनि राजदूत राकेश सूदले समय नदिएका कारण केन्द्रिय सदस्यले विरोध पत्र बुझाएको माओवादीले जनाएको छ ।

विरोध पत्र त्यहाँका राजनैतिक अधिकृतले बुझेका थिए । विरोध पत्र बुझे लगत्तै भारतीय दूतावासकी प्रवक्ता अपूर्वा श्रीवास्तवले भारतसँग थप सम्बघ सुदृढ गर्ने विषयलाई सकारात्मक रुपमा लिएको भन्दै वरिष्ठ कुटनीतिज्ञप्रति गरिएको गलत प्रचारले (बाँकी अन्तिम पेजमा)

## संविधनसभाको औचित्य छैन : खड्का



काठमाडौं / नेपाली कांग्रेसका प्रभावशाली नेता खुमबहादुर खड्काले संविधानसभाको औचित्य समाप्त भइसक्यो भनेका छन् । उनको भनाई छ, संविधानसभा तत्काल विघटन गर्नुपर्छ । खड्काले आफ्नो धारणा कांग्रेसको केन्द्रिय समितिमा राख्ने र पत्रकार सममेलन गरेर सार्वजनिक गर्ने पनि बताएका छन् । खुमबहादुर खड्का कांग्रेसका जुझारु नेता हुन् । उनी माओवादीसँग प्रतिस्पर्धा गर्न तरुण दललाई पनि सशस्त्र पार्न संगठन गर्दै हिंड्का थिए । पार्टीले रोक लगाएपछि उनी पछि हटेका थिए । अहिले उनी भन्छन्- 'संविधानसभा मरी सक्यो, यो जीवन्त छैन । जबर्जस्ती बचाएको (बाँकी अन्तिम पेजमा)

## कट्वाल फैसला ७ गते

काठमाडौं / तत्कालीन प्रम पुष्पकमल दाहालले बर्खास्त गरेपनि राष्ट्रपतिले थमौती गरिदिएका तत्काली प्रधानसेनापति रुक्माङ्गद कट्वाल प्रकरण मुद्दाको १० दिन लामो सुनुवाई पछि आसोज ७ गते फैसलाको मिति तोकिएको छ । इनहुरेडका कार्यकर्ताले हालेको र माओवादीले नागरिक सर्वोच्चताको विषय बनाएको यो मुद्दा ठूलो चर्चाको विषय रहेको छ । यो मुद्दाको फैसलाले तत्कालीन प्रधानमन्त्रीको सेना प्रमुख बर्खास्त गर्ने निर्णय सही-गलत के थियो ? (बाँकी अन्तिम पेजमा)

## अब जनता सामू कबुल गर

शाश्वत शर्मा

खासगरी कथित प्रमुख (तीन) राजनीतिक दलहरूले अब नेपाली जनता सामू उभिएर आफूहरुले यो देश र यहाँका जनताका लागि अब केही पनि गर्न नसक्ने कुरा कबुल गर्नु पर्ने भएको छ । हिजो ०६२-०६३ सालतिर र गणतन्त्रलाई एकतर्फी रुपमा स्थापित गरिसकिए पछि जसरी र जुन तरिकाले आकाश पाताल जोडिएको थियो ती सबै झुक्याउने र झुलाउने चालबाजी मात्र थियो भनेर नेपाली जनता सामू कबुल गरिदिंदा अलिकति भएपनि यिनमा नैतिकता बाँकी रहेछ भन्ने कुरा झल्किन्थ्यो । शायद यति गरिदिंदा पनि संघर्षशील नेपाली जनताले माफै पो गरिदिन्थे कि !! हेरौं त !! चौथो चरण ! सम्म चुनाव गराएर पनि प्रधानमन्त्री चुन्न नसकेपछि एक सभासद्को दुःखदायी निधनको आवारणमा भदौ २ गतेबाट भदौ ७ गतेसम्मका लागि प्रधानमन्त्री पदको चुनाव सारेका !! पाँचौ पटक पनि प्रधानमन्त्री निर्वाचित हुन नसक्ने पक्का पक्की थियो । नेपाली जनता र सारा विश्वका अगाडि लाजै नमानेर सभासद् रामकुमारी यादवको निधन यिनलाई गतिलो बहाना पो सिद्ध भयो !! के गर्ने ? हिजो एकथरी नेपालीहरूले यस्तै '...खाएका'हरू लाई काँध थापे !! ...नतिजा सबैका सामुन्ने छ । पुग नपुग एक वर्ष प्रधानमन्त्रीका लागि त यतिको मारामार छ, अब कहाँको संविधान.....अनि कहाँको शान्ति,



विकास...आदी इत्यादी !? केही पनि हुनेवाल छैन । देश अब झन रसातल तिर र सत्तालाई जबर्जस्ती कब्जा गरेर बसेका यिनीहरू चैं महाभारत कालका यदुवंशीहरू झैं एक आपसमै काटामार गर्दै... !! बुझौं हाम्रो र हाम्रो देशको नियती यस्तै हो भनेर ! यहाँ कसैलाई पनि देशको, जनताको मतलब हुँदै होइन । मतबल त सिंहदरबारको कुर्सीको मात्र हो । कहिले सहमतिय सरकारको कुरा आउँछ, कहिले बहुमतीय सरकारको (बाँकी पाँच पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४ ४

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

# अफसल संविधान बनाउनु भन्दा संविधानसभा बिघटनै ठिक

२०६२/०६३ सालमा तत्कालीन सात दल र माओवादीबीच भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बुँदे सहमति र त्यसै सहमतिअनुसार भएको बृहत शान्ति सम्झौताको पालना ठीक ढङ्गले त्यसै बेला गरिएको भए अहिलेको समस्या नै आउने थिएन । संविधानसभाको चुनाव हुनुअघि माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन अनि बन्दूकको बन्दोवस्त नगरी माओवादीले राखेका सबै मागहरू पूरा गर्दै संविधानसभाको चुनावमा मुलुकलाई होमेपछि अहिले समस्यै समस्याले जकेडिएको छ । मुलकलाई अहिलेकोजस्ता संकटपूर्ण अवस्थामा पुऱ्याउने यिनै दलहरू नै हुन् । खासगरेर नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीको गैरराजनीतिक चरित्रले गर्दा जनताले अनाहकमा दुःखकष्ट पाएका छन् । संधिवानसभाको चुनावअघि दलका नेताहरू डंक पिट्दै उफ्रन्थे संविधानसभाको चुनाव पछि मुलुक स्वर्ग बन्छ, सबै समस्याहरूको समाधान हुन्छ । खोइ त समस्याहरूको समाधान भएको ? जनताले दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका संविधानसभाका सदस्यहरू तोकिएको समयमा संविधान निर्माण गर्न असफल भए, आफ्नो असफलता र नालायकीपन देखाउँदै फेरी आफैंले आफ्नो पदावधि एक वर्षसम्म लम्ब्याए पनि आजका मितिसम्म थपिएको समयमा संविधान निर्माण गर्ने कार्य त परै जाओस् संविधानसभाको बैठकसम्म बस्न सकेको छैन ।

हतार हतारमा जनताको अभिमत नलिई मध्यरातमा मलुकलाई गणतन्त्रात्मक मुलुक घोषणा गरियो, त्यसैगरी ८० प्रतिशत जनताको भावनालाई बेवास्ता गर्दै २० प्रतिशत जनतालाई खुशी पार्ने उद्देश्यसहित मुलुकलाई धर्म निरपेक्ष राज्य घोषणा गरियो, अनि मुलुकलाई संघीयतामा लैजाने निर्णय गरेर त्यसैबेला राजनैतिक दलहरूले जनतामाथि आफ्नो अधिनायकवादी प्रवृत्ति लादेका हुनाले अहिले मुलुक दिनप्रतिदित आसफल राष्ट्रतर्फ उन्मुख भएको छ । सार्वभौमसत्ता सम्पन्न नेपाली जनतलाई उनीहरूले भोट हालेर निर्णय गर्न पाउने अधिकार दलहरूले खोसेका छन् । गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका बारेमा जनताको राय सुझावसम्म नलिइ पार्टीगत रुपमा पार्टीले पठाएका पार्टीका प्रतिनिधिहरूले गरेका निर्णयहरू जनतलाई स्वीकार गर्न बाध्य पारियो । विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा मुलुकलाई दुरगामी आसर पर्ने खालका मुद्दाहरू उठेमा त्यसको छिनोफानो जनताको राय लिएर अर्थात् जनमत संग्रहबाट गरिने विश्वव्यापी सिद्धान्तलाई समेत दलहरूले उल्लंघन गरे । यसरी जनताको अधिकार खोसेर दलहरू नै सार्वभौमसत्ता सम्पन्न भएकोजस्तो व्यवहार देखाउन थालेका हुनाले दलहरूप्रति जनताको विश्वास क्रमशः घट्दै गएको छ ।

व्यवस्थापिका संसदका चार चार पटक प्रधानमन्त्री चुन्न असफल सावित भएको छ । दलगत स्वार्थलाई पन्छाएर राष्ट्र निर्माण र जनताको हितलाई ध्यानमा राख्नुपर्ने दलहरूको कर्तव्य भएपनि अहिले उनीहरू आफ्नो कर्तव्य र अधिकार बिर्सिएर पार्टीगत स्वार्थकै लागि सत्ताको फोहरी खेलमा रमाउन थालेका छन् । माधवकुमार नेपाल नेतृत्वको सरकारलाई बाधक देख्ने एकीकृत नेकपा माओवादीका नेताहरूको भनाई झुठ सावित भएको छ । माधवकुमार नेपालले राजीनामा दिएको २/४ घण्टाभित्रमा सबै समस्याहरूको समाधान हुन्छ भन्ने माओवादी अध्यक्ष पुष्पकमल दाहालको अभिव्यक्ति हावामा उडेको छ । दुई चार घण्टामा सरकार निर्माण गर्दछौं भन्ने नेकपा एमालेका अधयक्ष झलनाथ खनाललगायतका केही नेताहरूले ४७ दिनमा पनि सरकार निर्माण गर्न नसकेपछि कुन मुखले फेरि उनीहरूले जनताको कुरा गर्ने । राजनीतिमा इमानदारिता नभएको खण्डमा त्यो राजनीति नभएर गुण्डानीति हुन्छ, अहिले यहाँका तीन ठूला दलहरूले गुण्डानीति अपनाएर सत्ता हत्याउने खेलमा लागेक हुनाले समयमै सरकार निर्माण हुन नसकेको सत्य वास्तविकता हो ।

संविधानसभाले तोकिएको समयमा संविधान निर्माण गर्न नसक्नु र व्यवस्थापिका संसदले चार चार पटकमा पनि आफ्नो नेता प्रधानमन्त्री चुन्न नसक्नु यी दुवै असफताका नमूना भएको हुनाले मुलुक र जनताको हितका लागि संविधानसभा विघटन गरिनु नै उचित हुनेछ । संविधानसभा आफैंले अर्को चुनावको मिति घोषणा गरेर त्यही दिन आफू विघटन भएको उद्घोष गर्न सकेको खण्डमा मात्र त्यसले नेपाली जनतामाथि विश्वास जगाउन सक्छ । ताजा जनादेश लिएको खण्डमा मात्र मुलुकका समग्र समस्याहरू समाधान हुने भएको हुनाले, अहिलेकै संधिवानसभाले संविधान बनाइहाले पनि त्यसले समस्याको समाधान गर्न नसक्ने प्रायः निश्चित रहेको छ । दलहरूले दलगत स्वार्थका लागि जनतालाई दिएका झुठा आश्वासनका कारण संविधान लागू भएपनि त्यसले समस्याको समाधान गर्न सक्दैन, उल्टो समसयामात्र थप्ने भएको हुनाले संविधानका लागि संविधान बनाउनु भन्दा समस्या समाधानका लागि संविधान बनाउन ताजा जनादेशमा जान लागि हामी जोडजार माग गर्दाछौं ।

# माओवादीकै कारण अन्य दलले उसलाई पत्याएनन्

– देवेन्द्र चुडाल –

२०६२-६३ मा भएको जनआन्दोलन र तत्कालीन नेकपा माओवादीले चलाएको दशवर्षे जनयुद्धले गर्दा धराशयी भएको नेपालको अर्थतन्त्र अहिले फेरि ओह्रालो लागेको छ । २०६२-६३ मा तत्कालीन सात दल र नेकपा माओवादीबीच भारतको राजधानी नयाँ दिल्लीमा भारतकै सहयोग र समर्थनमा भएको भनिएको १२ बुँदे सहमति र त्यसै सहमतिअनुसार गरिएको बृहत् शान्ति सम्झौता अनि सरकार, दलहरू र माओवादीबीच पटक पटक भएका अठारवटा सहमतिले मुलुकलाई संकटको भूमरीमा मात्र लगेको छैन मुलुक असफल राष्ट्र बन्ने बाटोतर्फ समेच उन्मुख भएको छ । भारतीय सहयोगमा भएको १२ बुँदे सहमति र त्यसैलाई आधार बनाएर गरिएका अनेक सहमति र सम्झौता नै अहिले समस्याका बाधक रहेका छन् । १२ बुँदे सहमतिमा उल्लेख नगरिएका कतिपय महत्वपूर्ण कुराहरूलाई दलहरूले जबजर्स्तीरुपमा मध्यरातमा लागू गरे २०६२-६३ मा भएको आन्दोलनमा मुलुकलाई धर्मनिरपेक्ष राज्य घोषणा गर्नुपर्ने माग नै उठेको थिएन । त्यसैगरी मुलुकबाट निरंकुश राजतन्त्रमात्र अन्त्य गरिने बताएको थियो । तर २०६३ वैशाख ११ गते तत्कालीन श्री ५ सँग भएको सहमतिलाई राजनैतिक दलहरूले उल्लंघन गर्दै पार्टीका प्रतिनिधिहरूले मध्यरातमा नेपाललाई गणतन्त्रात्मक मुलुक हुने निर्णय गरे भने त्यसै रात विश्वको एकमात्र हिन्दू राज्य नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरे । जनताका प्रतिनिधिहरू त्यसबेला थिएनन्, संसद्को पदावधि सकिएको थियो अनि कहिल्यै जनताको कसीमा नउभिएका व्यक्तिहरूबाट मुलकुलाई दूरगामी असर पर्ने निर्णयहरू गरेपछि जनताले त्यसबेला त्यस निर्णयलाई स्वीकार गर्न बाध्य भए पनि अहिले सो निर्णयको विरुद्ध जनताले संगठितरुपमा आवाज उठाउन थालेका छन् ।

दशवर्षे जनयुद्ध गरेर झण्डै १५ हजार नेपाली जनताको ज्यान लिएको तत्कालीन नेकपा माओवादीको अहिलेको व्यवहार हेर्दा उसले जनतालाई ढाँटेर ऊ केवल सत्ता हत्याउने खेलमा मात्र जनयुद्धको नाटकमा लागेको प्रमाणित भएको छ । १० वर्षे जनयुद्धमा हजारौं हजार व्यक्तिहरू अपाङ्ग भए, हजारौं व्यक्तिहरू आफ्नै देशमा आन्तरिक शरणार्थीको रुपमा जीवन बिताउन बाध्य पारिए, हजारौं आमाबाबु छोराछोरीविहीन भए । त्यति नै दिदीबहिनीहरूले आफ्ना पति गुमाए । के यी सबै सत्ता हत्याउनकै लागि खेलिएका खेलमात्र थिए त ? माओवाद जनयुद्धताका माओवादी र उसका भ्रातृ संगठनहरूले कब्जामा लिएको सर्वसाधारण जनताको सम्पत्ति, घर, जग्गा आजसम्म फिर्ता गरिएको छैन । माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन हुन सकेको छैन । वाइसीएलको अर्धसैनिक संरचना भङ्ग भएको छैन । यस्तो अवस्थामा माओवादी नेतृत्वले सत्ता खोज्नु भनेको फेरि मुलुकलाई पुरानै अवस्थामा पुऱ्याउन खोज्नुमात्र हो । जबसम्म माओवादी पार्टी अन्य पार्टीसरह नागरिक पार्टीमा रुपान्तरण हुँदैन, तबसम्म उसले सत्ताको आशा नगर्नु स्वयम् माओवादी नेतृत्वको हितमै हुनेछ । नौ महिनासम्म सत्ताको बागडोर हातम लिए । उसले मुलकुलाई पुरानै अवस्थामा फर्काउने प्रयास गरेको थियो । संवैधानिक निकायदेखि धार्मिक क्षेत्र हुँदै सुरक्षा निकाय र खेलकूद क्षेत्रमा ठाडो हस्तक्षेप गरेर सबै निकायहरूलाई आफ्नो भ्रातृ संगठन बनाउन खोजेको कसैको आँखाबाट छिपेको छैन । धार्मिक क्षेत्रमा हस्तक्षेप गरेर विश्वका १ अर्ब हिन्दूहरूको पवित्र स्थल श्री पशुपतिनाथलाई विवादमा ल्याउने कार्यमा स्वयम् तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल सक्रिय भए । त्यसैगरी खेलकूद क्षेत्रमा ठाडो हस्तक्षेप गरेर खेलकूदको नियम नै उल्लंघन गर्दै संरक्षकको नाताले आदेश दिए । त्यसैगरी पदावधि सकिन ३ महिना बाँकी रहेका नेपाली सेनाका प्रधानसेनापतिलाई अवकाश दिएर आफ्ना पिछलग्गुरुपमा चिनिएका व्यक्तिलाई प्रधानसेनापतिमा नियुक्त गरे, यी सबै कार्यमा पुष्पकमल दाहाल आलोचनाका पात्रमात्र बनेनन्, असफल सावित भएर आफैंले राजीनामा दिएर अर्को सरकारका लाग उनले बाटोसमेत खोलिदिए । यी सबै कार्यहरूले गर्दा र अहिलेसम्म जारी शान्ति प्रक्रिया सही निष्कर्षमा पुग्न नसकेको र संविधानसमेत तोकिएको समयमा बन्न नसकेको हुनाले माओवादी नेतृत्वले सत्ताको बागडोर हातमा लिने प्रयास गर्नु फेरि असफलताको मार्गतर्फ नै उन्मुख हुन खोज्नु हो ।

संविधानसभामा सबैभन्दा ठूलो दल भएको नाताले संविधान निर्माण गर्ने प्रमुख दायित्व पनि उसैको हो । संविधानसभाको चुनाव सरार निर्माणको लागि नभएर संविधान निर्माणका लागि भएको थियो, संविधान निर्माणको कार्यलाइ पहिलो प्राथमिकता र सरकार निर्माणलाई दोस्रो प्राथमिकतामा राखेको भए तोकिएको समय अर्थात् २०६७ साल जेठ १४ गते भित्रमा संविधान निर्माण भइसक्ने थियो । तर संविधानसभाका तीन ठूला दलहरू संविधान निर्माणको कार्यलाई थाती राख्दै सरकार निर्माणको खेलमा सक्रिय भएका हुनाले संविधान निर्माण हुन सकेन । संविधान निर्माण नहुनुको पछाडि के के कारणहरू छन्, अप्ठ्याराहरू के के छन् भनर कहिल्यै त्यस्ता बाधा अड्चन फुकाउने कोशिशसम्म गरिएन, यी सबै कारणहरूले गर्दा र तीन ठूला दलहरूको अकर्मण्यता र नालायकीपनले गर्दा संविधान बन्न सकेन । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएपछि बाईस दललको समर्थनमा प्रधानमन्त्री बनेका माधवकुमार नेपाल नेतृत्वको सरकार विरुद्ध एकीकृत नेकाप माओवादी सरकार बनेकै दिनदेखि संघर्षमा उत्रियो । कहिले राष्ट्रिय स्वाधीनताो कुरा त कहिले नागरिक सर्वोच्चताको डंक पिटेर ६ महिनासम्म संसद् अवरुद्ध गरेर जनताका समस्या उठ्ने थलो संसद् नै बन्द गराइदियो । संसद् हुँदै सकडसम्मको आन्दोलन गरेर जनतालाई अनाहकमा दुःख कष्ट दिए पनि हात लाग्यो शून्य भएपछि उसले अर्को बहाना पायो । संविधानसभाको पदावधि थप्ने, २०६७ साल जेठ १४ गते मध्यरातमा फेरि तीन दल मुलुकलाई अनिर्णयो बन्दी बनाउन सफल भए अनि तीन बुँदे सहमति गरेर संविधानसभाको पदावधि एक वर्ष लम्ब्याउने रणनीति अख्तियार गरे । आखिर किन ? जेठ १४ गते संविधानसभाको पदावधि लम्ब्याउने सहमति भए पनि करिब अढाई महिनासम्म संविधान निर्माणको कायमा एउटा बैठकसम्म बस्न सकेको छैन, किन ?

आफूलाई प्रजातन्त्रको ठेकेदार ठान्ने नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादी जनताले दिएको दुई वर्षे म्याण्डेभित्र संविधान निर्णि गर्न असफल भएपछि स्वतः संविधानसभा विघटन गरेर जनतामा जानुपर्ने प्रजातान्त्रिक अभ्यासका विवरुद्ध उभिए, नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न भनिएता पनि दलहरूले नेपाली जनतालाई सर्वाभौमसत्ता सम्पन्न भएको स्वीकार गर्न सकेनन् , नत्र नेपालीजनताले भोट हालेर आफ्ना प्रतिनिधि चुन्न पाउने अधिकार किन खोसियो ? अहिले जनता निरीह बनाइएका छन्, उनीहरूको बोलीको कहीं कतै सुनुवाई हुँदैन तर समय र परिस्थिति जहिले अहिले जस्तो नरहन सक्छ । त्यसबेला जनता उठ्ने छन् अनि त्यसबेला जनताको आवाज नसुने यी अहिलेका असफल दलका असफल नेताहरूलाई बागमतीको भेलमा बगाइदिनेछन् ।

हिन्दू राज्य, संवैधानिक राजतन्त्र र संघीयताको बारेमा कुरा उठाउँदै आएका राप्रपा नेपालजस्तो पार्टी संविधानसभाले तोकिएको समयमा संविधान निर्माण गर्न नसकेको हुनाले जनतामा गएर ताजा जनादेश लिने माग गर्दछ तर त्यही दललाई प्रतिगामी देख्ने नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत माओवादी जनतामा जाने कुराको विरोध गर्दै आफैंले आफ्नो पदावधि लम्ब्याउने पक्षमा जानु भनेको को प्रजातन्त्रवादी र को अप्रजातन्त्रवादी रहेछ भनी के पुष्टि हुँदैन र ? मुलुक अहिले अभिभावकविहीन टुहुरो अवस्थामा रहेको छ । जसरी बाबुआमा गुमाएका बच्चाबच्चीले स्वविवेकले केही गर्न सक्दैनन्, त्यस्तै भएका छन् नेपाली जनता । हिजो गाह्रो र साँघुरो पर्दा उनीहरूले राजालाई गुहार्ने गर्दथे, आज राजसंस्थालाई जबर्जस्ती हटाइएको भए पनि प्रत्येक नेपाली जनताको मुटुमा राजसंस्थाले स्थान पाएको छ । त्यसैकारण अहिले जनताले संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था चाहिरहेका छन् । विश्वका सबै विकसित देशहरूमा राजतन्त्र रहेको र राजतन्त्र विकासको बाधक नभएर साधक रहेको हुनाले जापान, संयुक्त राज्य बेलायत, थाइल्याण्ड, नर्वे, स्वीस जस्ता देशहरूले विकासको फड्को मारेका हुनाले पनि नेपालजस्तो गरिब र भूपरिवेष्ठित मुलुकमा अझै पनि राजतन्त्रको आवश्यकता रहेको जनताले महसुस गरेका छन् । राजतन्त्र भनेको नेपाली जनताको अभिभावक हिजो पनि थियो र आज पनि त्यसको आवश्यकता खड्किएको छ । राजतन्त्र रहन्जेल विदेशीहरुको स्वार्थपूर्ति नहुने भएको हुनाले उनीहरूकै इशाखाम केही विदेशी दलालहरूको सहयोगमा मात्र राजतन्त्रको अन्त्य गरिएको पुष्टि स्वयम् विदेशी नेताहरूले नै गरेका छन् ।

# रिमोटबाट मृत्युः के यो वैधानिक छ ?

अमेरिकी सेनामाथि आक्रमण गर्ने अमेरिकी नागरिक र अन्यमाथि लक्षित गर्ने बाराक ओबामा प्रशासनले अपनाएको नीतिका सम्बन्धमा आङ्ना तर्कहरू प्रस्तुत गर्ने कार्यलाई निरन्तरता दिइरहँदा कानुनी र राष्ट्रिय सुरक्षाविज्ञहरू एउटा केन्द्रीय प्रश्नमा घोरिइरहेका छन् : कुनै गल्ती भयो र गलत मानिस मारियो भने के हुन्छ ?

यी नचिनिएका पनि होइनन् । यो मृत्युदण्ड हो । यथार्थमा, यो यसअघि पनि भइसकेको छ । क्यामेराको लामो लेन्सलाई रकेट ठानेर एकजना रोयटर्सका क्यामराम्यान अमेरिकी ड्रोन आक्रमणमा मारिएका थिए । यति हुँदा पनि ओबामा प्रशासनका माथिल्लो तहका प्रतिआतङ्कवादी अधिकारीले आतङ्ककारी धम्की वा हत्यामा संलग्न रहेको अवस्थामा अमेरिकी नागरिकमाथि पनि लक्षित गर्न सकिने भन्दै प्रशासनको बचाउ गरेका छन् । उनले अलकायदासँग सम्बन्ध रहेका विद्रोही अनवर अल-अकलाकीको उदाहरण दिएका छन् ।

न्यू मेक्सिकोको लास क्रुसेसमा ३९ वर्षीय अल-अकलाकीको जन्म भएको थियो । इस्लामिक प्रवचन दिँदै हिँड्ने उनीसँग अमेरिका र यमनको दोहोरो नागरिकता थियो । धार्मिक नेता र पूर्वइमाम समेत रहेका उनको इस्लामिक आतङ्कवादीसँग सम्बन्ध जोडिएको थियो । उनको प्रवचन सुन्न ९/११ का आक्रमणकारीमध्ये तीनजना उपस्थित रहेको बताइन्छ ।

राष्ट्रिय प्रतिआतङ्कवादी केन्द्रका निर्देशक मिसेल लेइटर अमेरिकी लक्षित सूचीमा अल-अकलाकी रहे नरहेको बताउन चाहँदैनन् तर एकजना बरिष्ट अमेरिकी प्रतिआतङ्कवादी अधिकारीले उनलाई अमेरिकी सरकारले जीवितै पक्राउ गर्ने वा मारिने सूचीमा राखिएको बताएका थिए । मानिसलाई लक्षित गर्ने र मारिने विषयमा कानुनले के भन्छ ?

बहसको अधिकाँश मुद्दा यस्ता हत्याको संवैधानिकताका सम्बन्धमा उठ्ने गरेको छ । तर, संविधान मुख्य इन्जिन भने होइन । यो विषय सामान्यतया युद्धको नियम हो जुन आजभोलि प्रयोगमा आइरहेको छ । अमेरिका युद्धमा छ भन्ने विश्वास नगर्नेका निम्ति यो कुरा हो । यस्तै धारणा राख्ने राष्ट्रिय वकिल समाजका पूर्वअध्यउँक्ष मारजोरी कोहन आईपीएससँग भन्छिन् : "लक्षित र राजनीतिक प्रेरित हत्या अर्थात् गैरन्यायिक हत्या सरकारकै आदेशबाट भइरहेको छ जुन कुनै पनि किसिमको न्यायिक क्षेत्रमा हुँदैन ।"

उनी राष्ट्रसङ्घका विशेष प्रतिवेदकको सन् १९९८ को प्रतिवेदन उद्धृत गर्छिन् जसले भनेको छ, "कुनै पनि अवस्थामा गैरन्यायिक हत्यालाई न्यायोचित ठहऱ्याउन सकिन्न, यो युद्धको समयमा पनि लागू हुँदैन । स्वेच्छिक हत्या जेनेभा महासन्धिको घोर उल्लङ्घन हो र अमेरिकी युद्ध अपराध ऐनबमोजिम पनि दण्डयोग्य छ ।"

"यो युद्ध होइन," उनी थप्छिन् ।

नागरिक र अन्य नागरिकको हत्याका सम्बन्धमा मानव अधिकार ट्रुस्र्ट (एचआरएट्र) का डाङ्गन एभिएटरले आईपीएसलाई भनिन्, "कुन नागरिकमाथि लक्ष गऱ्यो भन्नु महत्वपूर्ण कुरा होइन, किनभने उनी लडाका दुश्मन वा अमेरिका विरुद्धको सङ्घर्षमा प्रत्यक्षरूपमा सहभागी जोसुकै नागरिक भए पनि लक्षित गर्न सकिन्छ ।"

उनी भन्छिन्, "ड्रोन कार्यक्रमको समस्या भनेकै सरकारले कानुनी व्यवस्थासँग तादात्म्य राखेर यो कार्य गरिरहेको छ छैन भनी सर्वसाधारणलाई पर्याप्त जानकारी उपलब्ध नगराउँदा भएको छ । कुनै व्यक्तिको अलकायदासँग सम्बन्ध रहेको वा सहयोग गरिरहेको आशंका हुँदैमा अमेरिकासँग सङ्घर्षरत विदेशी शक्तिको सदस्य हो वा अमेरिका विरुद्धको सङ्घर्षमा प्रत्यक्षरूपमा सहभागी भएको हो भन्न सकिन्न ।"

"अमेरिकी सरकारले कसलाई लक्षित गरिरहेको छ र कुनै व्यक्तिलाई लक्ष बनाउनुपर्ने वैधानिक आधार प्रस्तुत नगर्दासम्म अमेरिकी सरकारले गरिरहेको कार्य वैधानिक हो होइन भनेर हामी जान्न सक्दैनौं," उनले भनिन् । ओहियो स्टेट युनिभर्सिटीका प्रोफ्टेसर पिटर शेन यसमा सहमती जनाउँछन् । उनी आईपीएससँग भन्छन्, "कार्यकारीले लडाकू हुन् वा होइनन् भनेर छुट्याउन विश्वासयोग्य प्रक्रियाबाट अघि नबढ्दासम्म उनीहरूका विरुद्ध बल प्रयोग गर्नेकुरा असवैधानिक हो भन्ने मलाई लाग्दैन ।"

"वास्तवमा, कुनै खास लक्षित हत्या ठीक वा बेठीक हो भन्ने कुरा बिल्कुलै भिन्न प्रश्न हो," उनी भन्छन् । संवैधानिक वकील एवम् हार्पर म्यागाजिनका सम्पादकीय सहयोगी स्कट होर्टन आईपीएससँग भन्छन्, "अमेरिकी नागरिकको गैरन्यायिक हत्यालाई सरकारले न्यायोचित ठहऱ्याउने दुईवटा उपाय छन्: पहिलो, अर्को व्यक्तिको जीवनमा त्रास उत्पन्न गर्ने वा उनीहरूलाई चोट पुऱ्याउने वा त्यसलाई रोक्ने अन्य कुनै उपाय नभएको अपराध कार्यमा संलग्न भएको । दोस्रो, युद्धको सन्दर्भमा मात्र हो ।"

"ओबामा प्रशासनले अल-अकलाकीको हकमा दोस्रो व्यवस्था लागू हुनसक्छ तर यदि उनीहरूले यसलाई प्रमाणित गर्ने पर्याप्त प्रमाण रहेको भए उनीहरू सार्वजनिक रूपमै अगाडि बढ्नुपर्थ्यो," उनी भन्छन् ।

यदि त्यस्तो प्रमाण रहेको भए, उनी भन्छन्, "उनीहरूले किन तिनलाई पक्राउ गरेका छैनौं र तिनले गरेका अपराधमा आधारित भएर अभियोग दर्ता गरेका छैनौं भनेर स्पष्ट गर्न चाहेका छैनन्, जसबाट उनीमाथि आतङ्कवादी क्रियाकलाप र सायद देशद्रोहको सजाय समावेश हुनसक्छ ।" "उनीहरूले निश्चितैरूपमा जवाङ्ग दिन आवश्यक छ, अल-अकालाकीको हत्यासहित ठूलो संख्याका निर्दोस नागरिकको ज्यान लिनसक्ने बम खसाल्नुअघि किन त्यो प्रक्रियाले काम गर्न सक्दैन," होर्टोनले भने । रक्षामन्त्रालयका आतङ्कवाद विषयका पूर्वप्रमुख अभियोजनकर्ता कर्णेल मोरिस डेभिसले पक्राउ परेका व्यक्तिका तर्ङ्गबाट बहस गर्दै सैनिक न्यायिक पद्धतिलाई राजनीतिले भ्रष्ट बनाएको र पेन्टागनका बरिष्ठ अधिकारीले गलतरूपमा प्रभाव पारेको बताए ।

उनले आईपीएससँग भने, "संविधानको पाँचौं संशोधनले अमेरिकी नागरिकको कानुनी प्रक्रिया बेगर जीवन, स्वतन्त्रता, वा सम्पत्ति अनतिक्रम्य हुने भनेको छ । यदि तपाईंलाई सुनुवाई र प्रतिवाद गर्न पाउने मौका नदिइ सरकारले तपाईंको घर कब्जा गर्न खोजेमा संविधानले त्यस कार्यमाथि प्रतिबन्ध नै लगाउन पाउने व्यवस्था गरेको छ भने तपाईंको जीवन कुनै कानुनी उपचार बेगर नै समाप्त गर्छु भन्नु हास्यास्पद हो ।"

इलिनोइस विश्वविद्यालयका प्रोफ्टेसर फ्रान्सिस बोयल सरकारले अपनाएको लक्षित कार्यक्रमप्रति गम्भीर असहमति रहेको जनाउँछन् । उनी आईपीएससँग भन्छन्, "अल-अकलाकी र अन्य अमेरिकी नागरिकका सम्बन्धमा केन्द्रीय जाँच ब्युरो (सिआइए) ले सार्वजनिक रूपमै स्वीकार गरेको कुरा के भने प्रस्तावित व्यक्तिहरू हत्या, राजनीतिक प्रेरित हत्या, गैरन्यायिक हत्यामा संलग्न रहेको र यो कार्य बाँच्न पाउने र मानव अधिकार कानुनको गम्भीर उल्लङ्घन तथा संयुक्त राज्य अमेरिकाको संविधानको पाँचौं संशोधनको विपरीत हो ।"

संवैधानिक वकील एवम् सालोन डट कममा लेखक ग्लेन ग्रीनवाल्ड पनि लक्षित नीतिप्रति चिन्तित छन् । उनी प्रश्न गर्छन् : "व्यक्तिलाई खासरूपमा आतङ्कवादी भनेर दोषारोपण गर्ने र विशेष आदेशमाङ्गत् कुनै किसिमको सुनुवाई वा न्यायिक पुनरावलोकन नगरी मृत्युदण्ड दिने, र कार्यकारीको भनाइमा जाँच नगरी बिनाआधार गर्न मिल्छ ? अपमानजनक र त्रुटीपूर्ण रेकर्डको यस्तो कार्यको सत्यताको आधार सार्वजनिक गर्नु आवश्यक छ ।"

ग्रीनवाल्ड भन्छन्, "हामीले यस्ता राष्ट्रपतिको विषयमा कुरा गरिरहेका छौं जसले अमेरिकी नागरिककै हत्या गर्ने अधिकार सिआइएलाई सुम्पेका छन् र त्यो पनि गलत कार्य गरेको आरोप र आशङ्कामा ।"

रोनाल्ड रेगन प्रशासनका अवधिमा न्याय विभागमा रहेर काम गरिसकेका अनुदारवादी कानुनविज्ञ ब्रुस फ्रेन अर्को विचार सुझाउँछन् । उनी आईपीएससँग भन्छन्, "कङ्ग्रेसले एड्ढआइएसएलाई मद्दत पुऱ्याउने गरी अर्को कानुन कार्यान्वयनमा ल्याउन सक्छ । राष्ट्रपतिले अमेरिकी नागरिकको हत्यामा सक्रियरूपमा भाग लिइरहेका शंकास्पद व्यक्तिका सम्बन्धमा न्यायिक प्रत्याभूति प्राप्त गर्न आवश्यक छ ।"

"अमेरिकामै सुनुवाई गर्नेगरी शंकास्पद अमेरिकीलाई पक्राउ गर्न राष्ट्रपतिलाई अख्तियारी दिनुपर्दछ अथवा पक्राउ गर्न असम्भव भएको वा मृत्युको गम्भीर जोखिम बढेको वा अमेरिकी निकायमाथि गम्भीर चोट पुऱ्याउने कार्य गरेको अवस्थामा लक्षित हत्या हुनसक्छ," उनी भन्छन् ।

# महानिरीक्षक बस्नेतबाट विद्यालय तथा उपस्वास्थ्य चौकी भवन उद्घाटन

काठमाडौं, सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले दाङ जिल्लाको लालमटिया ३ भालुवाडस्थित स्वर्गद्वारी प्राथमिक विद्यालय भवनको हिजो एक समारोहबिच उद्घाटन गर्नुभयो । विगतमा एक वर्षभन्दा बढी त्यहाँस्थित बलको तालीम केन्द्रमा सेवा गरी स्थानिय बिच सुमधुर सम्बन्ध राखेर वि.सं. २०६० साल बैशाखमा त्यहाँबाट सरुवा हनुभएका हालका सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले मध्यपश्चिम क्षेत्रको निरीक्षण भ्रमणको क्रममा त्यहाँ पुगेको बेला स्थानीयको अनुरोधमा हिजो सो विद्यालय तथा हिजै लालमटियास्थित उपस्वास्थ्य चौकीको भवन उद्घाटन गर्नुभएको हो । विद्यालय उद्घाटनको अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले आफ्नो



स्वर्गिय बुवा आमा कर्णबहादुर बस्नेत र मीनाकुमारी बस्नेतको स्मृतीमा स्थापना गरिएको 'मीना-कर्ण स्मृति कोष' को नाममा एक लाख रुपैयाँ विद्यालयलाई प्रदान गर्नुभयो । उक्त रकम उहाँले सोही कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महेश रिजाललाई हस्तान्तरण गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले त्यस अवसरमा मानवसेवा पहिलो कर्तव्य भएको उल्लेख गर्नुभयो । राज्यले सुम्पिएको दायित्व निर्वाहमा विभिन्न जिम्मेवारी लिएर देशका विभिन्न भागमा रहेका सरकारका सबै निकायले आ-आफ्नो पेशागत जिम्मेवारी उच्च अनुशासनमा रहेर पुरा गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले भन्नुभयो - 'हामी सबै सधैं नैतिकवान हुनुपर्छ र राष्ट्र र नागरिकको हितमा सधैं प्रयास गर्नुपर्छ ।' उहाँले नैतिक शिक्षामा समेत जोड दिनुभयो ।

सशस्त्र प्रहरी बलले परम्परागत संस्कारमा परिवर्तन गरी वास्तवमै राष्ट्र र नागरीकको हितलाई प्रथम लक्ष्य राखेर अगाडी बढिरहेको प्रष्ट पार्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले आफुले बलको प्रशिक्षण संस्थाको प्रमुख हुदा देखिनै र पछिल्लो चरणशमा संगठन प्रमुख भएपछि बलका राष्ट्रसेवकहरूलाई 'मानवसेवा कसरी गर्ने' भनी 'स्कुलीङ' गरिरहेको स्मरण गर्नुभयो । 'नागरिकले कर तिरेको रकमले संचालित सशस्त्र प्रहरी बल सधैं राष्ट्र र नागरीकको हितमा समर्पित रहन्छ' महानिरीक्षक बस्नेतले भन्नुभयो- 'बलका कर्मचारीहरू जनताका सेवक हुन ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महेश रिजालको अध्यक्षतामा भएको कार्यक्रममा तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष दिपेन्द्रकुमार खत्री, एकिकृत नेकपा माओवादीका गणेश बहादुर के.सी., नेपाली कांग्रेसका नुमानन्द सुवेदी, नेकपा एमालेका रेवतीरमण शर्मा, राजमोका होमप्रसाद शर्मा, राप्रपाका अली मोहम्मद मियाँ, जिल्ला शिक्षा कार्यालयका उपसचिव ऋषिराम रिजाल र सीमा रोक्कालगायत स्थानीय लालमटिया, गोवडीया र गंगापरस्पर गाविसका निवर्तमान अध्यक्षहरूको समेत उपस्थिति रहेको थियो भने नेपाली सेनाको नम्बर १९ वाहिनीका वाहिनीपति सहायक रथी भरत मल्ल, मध्य पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय महेश्वरी वाहिनीका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रकाश ओझा, सशस्त्र प्रहरी नायब महानिरीक्षक भीष्म कान्त अर्याल, नेपाल प्रहरीका राप्ती अंचल प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक राजबहादुर बिष्टलगायत स्थानीय भद्रभलाद्मी तथा बलका अधिकृत तथा जवानहरूकोसमेत कार्यक्रममा उपस्थिति रहेको थियो ।


## विश्व हिन्दु महासंघको अनुरोध

**हिन्दु, हिन्दुत्व र हिन्दु राष्ट्रको रक्षाका लागि समस्त हिन्दुहरू ओमकार परिवार एक हौं ।**

**विश्व हिन्दु महासंघ**

केन्द्रीय कार्यालय : बाँसबारी, काठमाडौं
फोन : ४३७०३२२

# Who is in-charge of India's foreign policy?

Afshain Afzal

An average Indian citizen is unaware of the things cooping up in the Centre by the Indian agencies against foreign nations as well as own people of the troubled states. The ingress of Indian agencies in the affairs of Indian government has reached to a danger mark while the political government is mere a symbolic master.

No matter, it is an operation against Maoists, Budos, Tamils, Kashmiris, Sikhs and other elements or simply a hand of friendship to a neighbouring country; things are decided by Indian intelligence agencies. So much so, the speech and talking points of Indian President and Prime Minister are vetted and constructed by the agencies. Today, Indian interference in the internal affairs of neighbouring South Asians countries is not something that has the approval of political masters but wholly and solely such affairs are in the hands of Indian agencies. Many years back Indian High Commissioner in Islamabad complaint against some of his attachés and visa counselor but no action was taken against them. A top ranking officer in Indian External Affairs Ministry, who spoke on the condition of anonymity, quoted Indian High Commissioner in Islamabad saying that Indian Defence and Intelligence Wing in Islamabad does not fall under his jurisdiction and he is not aware of their assignments or movements. This is not only in the case with Pakistan but Indian agencies have physical penetration in every Indian department. All this is being done in the name of security and national interests. No doubt, an ordinary Indian citizen or politician want friendship with all their neighbours including Pakistan but the agencies are not allowing this to happen.

Specifically mentioning about neighbouring Sri Lanka, there are many Tamils on both side of the border, who consider that India is responsible for their plight; first in shape of Indian military action inside Sri Lanka in 1987 and later provision of intelligence input and arms and ammunition against the Tamils, more specifically against LTTE cadre. Interestingly, Indian Research and Analysis Wing (RAW), at the same time, had also been briefing LTTE cadre about the positions of Sri Lankan forces and aiding them with arms and ammunition. However, when everything was over, New Delhi came out with another bluff to misguide the people of Sri Lanka including remaining LTTE supporters. For quite some time New Delhi had been deceiving both Colombo and the Tamils for the exclusive support but on the back of her mind, there were expansionist designs. In the latest development, Indian Union Home Minister P Chidambaram claimed that LTTE leader V Prabhakaran would have been "Mudisooda Mannan" (Uncrowned Monarch) of the northern and eastern provinces of Sri Lanka had he accepted the 1987 Indo-Sri Lankan agreement as offered by former Prime Minister Rajiv Gandhi." Ironically, after the brutal massacre of Tamils in joint operations by Indian and Sri Lankan forces, New Delhi wants her bail out putting the whole blame on Colombo. In a recent statement, Chidambaram said "Prabhakaran was not our enemy. We were opposed to the path chosen by him."

It is pertinent to mention that there are over 2.5 lakh displaced Tamils who are aggrieved over the military action by Sri lankan forces on the instigation of Indian Intelligence agencies. India is carrying out massive investment in Sri Lanka to overcome the fears that there would be a reaction from the Tamils in the Indian states. India claims that it spent Rs 3,600 Crore for the benefit of the internally displaced Tamils and allocation of another Rs 1,000 Crore for the construction of 50,000 houses in northern Sri Lanka. Indian firms are also carrying out renovation of Sri Lankan Kangesanthurai Port and repair of Palali Airport. All these investments are aimed to fulfill India's long time desire to push its Tamil population in Sri Lanka and grab as much territory into Indian union as possible. It is not true that the Sri Lankan leadership is not aware of Indian plots but what are the options available with Colombo to counter it is not an easy nut to crack. Indian being a bigger country considers her right to interfere in the internal affairs of the neighbouring smaller sovereign countries. Ironically, Indian constitution gives a lot of autonomy to the states under the Indian union but New Delhi is even not prepared to give similar status to the sovereign states like Sri Lanka, Nepal, Bhutan, Maldives and Myanmar.

In the neighbouring Bangladesh, after the coming into the power of Prime Minister Haseena Wajid, New Delhi has also included Decca in the list of countries that are under the proxy rule of India. If we recall the mutiny by the Bangladesh Rifles in the near past, we would find fingerprints of Indian agencies over the dead bodies of those killed as well as some of the ammunition used during the unfortunate incident. Similar traces would be found on the dead bodies of LTTE cadres and Sri Lankan forces. Ironically, Decca requested New Delhi to investigate the mutiny despite the fact that after the incident those who mutinied fled to India from where their apprehension took place. If we critically analyze Indian strategy in South Asia we would come to the conclusion that it has complete grip over the aggrieved sections of the society in other countries. Interestingly, many of the top leaders are employees of Indian agencies, while some of them are on the payroll. However, these countries often keep their mouths shut as India, as a policy, carryout heavy investments in these countries and help clandestinely various pressure groups. Recently, India and Pakistan signed a transit trade agreement, which may bring positive changes in the attitude of both countries. But this is not going to happen as India intelligence agencies would use it as tool to make Indo-US joint strategy successful against people of Afghanistan and Pakistan. The agreement is more linked to Indo-US conspiracy of establishment of reconstruction zones in all the troubled areas including Balochistan, Khyber Pakhtunkhwa, Northern Areas and Jammu and Kashmir state. On wonders, New Delhi and Islamabad as well as other neighbourinng countries have still time with them to sit together, without outside interference and pressure from Intelligence agencies, and resolve all outstanding issues. In case they fail to resolve their differences, time is not far away when many South Asian countries will be pushed back to pre-independence state.

## Chairman Himalayan Bank expresses solidarity with Pakistan flood affectees

Mr. Manoj Bahadur Shrestha, Chairman, Himalayan Bank Limited presented a cheque of NRs. 500,000 for assistance to the flood affectees in Pakistan.

A team of senior management, and executives from the Himalayan Bank comprising Mr. Manoj Bahadur Shrestha, Mr. Prachanda Bahadur Shrestha, Mr. Ashok SJB Rana and Mr. Masud-ul- Hassan visited the Embassy of Pakistan to express their heartfelt condolences over the loss of precious lives and property during devastating floods in Pakistan.

Presenting cheque to Syed Abrar Hussain, Ambassador of Pakistan to Nepal, Mr. Manoj Shrestha expressed solidarity with the people and the government of Pakistan in this hour of need.

Ambassador Hussain informed the team about the extent of damage and devastation caused by the floods, and expressed his thanks for their solidarity and support.

FELICITATIONS



On the auspicious occasion of the Independence Day of Islamic Republic of Pakistan we wish the government and the people of Pakistan peace, progress and prosperity.
May the friendly relations between Nepal and Pakistan grow further in the years to come.

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited – Pakistan)
The Power to Lead

# संविधान भाड्ने खेलमा सक्रिय भए राजनीतिक दलहरू

- अरविन्द साह

संविधानसभाबाट जनताको पक्षमा संविधान नबनोस् भन्ने खेलमा देशका प्रमुख दलका शिर्षथ नेताहरू लागी परेको देखिन्छ। निर्वाचनमा हारेर पनि मंत्री बन्न पाइने र मनचाहा नियम कानुन बनाउन पाउने तथा मनोमानी गर्न पाउने अधिकार संविधानसभाबाट बन्ने संविधानबाट गुमिने भएकोले संविधान भाड्ने खेलमा लागीपरेको देखिदैंछ।

हात्तीको देखाउने दाँत र चपाउने दाँत भिन्दा भिन्दै भएको जस्तै नेताहरूको भनाई, गराई र सोंचाईमा ठूलो फरक पाएको छ। जति पनि ठूलो स्वरमा स्वाधिनता, नागरिक सर्वोच्चता, संघीयता, लोकतन्त्र र गणतन्त्रको कुरा गरे पनि व्यवहारमा भित्री अन्तरआत्माबाट लागू गर्ने पक्षमा अलिकति पनि देखिएको छैन। आफू जनताको मालिक बनेर सँधै सत्तामा बसिरहने चिन्ताबाट ग्रसित रहेको नेताहरूको मानसिक सोंच व्यवहारमा पाउँदै गरेको देखिन्छ। गर्नेसम्म कुकर्म गरेर पनि सत्तामा बसिरहन र बस्न कोसिस गरिरहेको छ। देशको मूल उद्देश्य र नितान्त आवश्यकताको विषय शान्ति व्यवस्था र संविधानसभाबाट तोकिएको समय अवधिभित्र नयाँ संविधान जारी गर्नु पर्ने हो तर राजनैतिक दलहरू सो विषयमाथि अलिकति पनि संवेदनशील भई सत्ताको फोहरी खेलमा जतिसुकै नाङ्गिएर भएपनि सत्ता न छाड्ने र सत्ता हत्याएर नै छाड्ने कसरत गरिरहेको छ। नेताहरूको यस्तो निर्लज्जतापूर्ण क्रियाकलाप र हठवादी स्वार्थी चरित्रबाट देशले कति नोक्सानी बेहोर्नुपर्छ भने कुराको ज्ञान नेताहरूको दिमागबाट हराईसकेको अनुभव आम जनतालाई भइरहेको छ। वास्तवमा हेर्ने हो भने पुरानो गाडी र बुढो ड्राइभर कहिले कहाँ कति बेला धोखा दिइ हाल्छ र गाडी पल्टाई हाल्छ भने कुराको भरोषा हुँदैन। जति मेशिन पुरानो हुँदै जान्छ त्यति सबै पाटपुर्जा खिइदै बिग्रिदै जान्छ। जतिसुकै खर्च गरेर ओभरवाइलिंग गरेपनि विश्वासिलो र गतिलो हुन सक्दैन। त्यसैगरी मान्छेमा पनि उमेर बित्दै जाँदा शरिरको पाटपुर्जा दाँत, आँखा, नाक, कान हातखुट्टा लगायत दिमागी सन्तुलन पनि बिग्रिदै गएको हुन्छ। जति औषधी उपचार, फलफुल, जुस, दुध, मलाई, घ्यु खुवाए पनि पुरानो शरिरमा कार्यक्षमता र दिमागी सन्तुलन कायम गर्न सकिदैंन। तसर्थ गाडी र ड्राइभर फेर्नैपर्छ भने सोंचाईमा पुगिसकेका नेपाली जनता पुरानो पार्टीका नामी सत्ताधारी नेताहरूलाई संविधानसभाको चुनावमा पराजित गरिदै नयाँ पार्टीलाई राष्ट्र निर्माणको लागि ठूलो पार्टीको रुपमा प्रवेश गराएको छ। तर, छदमभेषी भेषमा रहेको पुरानो पार्टीका आशिकहरूलाई मतदाताले चिन्न सकेन् र आफ्नै मसिहा ठानेर विजयी बनाएका छन्। जसको परिणाम ठूलो नोक्सानीको रुपमा देखिदैछ। कुलतको बानी लागि सकेका मान्छे जतिसुकै बेइज्जत भएपति चोरीएर पनि कुकर्म गरी नै हाल्छन्। जस्तै विगतमा ठूलो पार्टीका रुपमा उदाएका पार्टीहरू अहिले सानो भए पनि आफ्नो पुरानो कार्यशैली र क्रियाकलापमा सुधार ल्याउने स्थितिमा देखिदैन बरु उल्टै नयाँ जनादेशका कुरा गर्न अलिकति पनि हिचकिचाई रहेको देखिदैन। आँखा बन्द गरिसकेपछि राम्रो नराम्रो केही देखिदैन जस्तै लाज नमानिकन पुरानै गल्ती फेरी दोहोर्‍याउने पक्षमा लागेको देखिन्छ। सरकार बनाउने र भत्काउने खेलका महारथीहरू आफ्नो अनुकुल सत्ता हातमा पार्न संविधानसभाबाट संविधान बन्न नदिन विभिन्न षड्यन्त्रहरू रच्दै गरेको देखिदैंछ। कोही सशक्त आन्दोलनमा उत्रिने उदघोष गरिरहेका छन् भने कोही संविधान सभा भंग गरी राष्ट्रपति शासन लागू गर्ने निर्णायक मोडमा पुगी सकेका छन्। यस्तै आपसी द्वन्द्व र व्यक्तिगत स्वार्थका कारण २००४ साल देखि उठ्दै आएको संविधानसभाबाट संविधान बनाउने विषय आजको मितिमा पनि पूरा हुन् नसक्ने छाटकाट देखिदैंछ। जनताको भावनासँग खेलवाड गर्दै जनतालाई अधिकार सम्पन्न बनाउने सपना देखाउँदै जनताबाट भोट बटुल्ने हतियारको रुपमा प्रयोग गरिदै आएको छ। जनतालाई साँचिकै अधिकार सम्पन्न बनाउने नेतृत्वको सट्टा फरेबी र धोकेबाज नेताहरूसँग मात्र सम्पर्क स्थापित हुँदै आएको कुरा जनताले राम्ररी बुझिसकेका छन्। सामन्ती शोसकबाट मुक्ति पाउन नेपाली जनता ज्यान हथेलीमा थापेर ठूलो परिमाणमा सहादत दिँदै, पाउँदै आएका उपलब्धी धोकेबाज स्वार्थी नेताहरूको स्वार्थीपनका कारण गुमिदै आएको छ। ठूलो-ठूलो सपना देखाउँदै लामो-लामो भाषण गर्नेहरू सदैव उद्देश्य र लक्ष्य विपरित काम गरिदै आएको देखिदैछ। समानुपातिक चुनाव प्रणालीले गर्दा गरिब वर्ग, दलित, जनजाति, मधेशी पिछडिएकाको प्रतिनिधित्व संविधानसभामा उल्लेखनीय देखिदैछ। पुरानो मानसिकता र सामन्ती प्रवृतिका सोंचाई तथा सत्ताका महत्वाकाँक्षीहरूलाई यी सभासद्हरू एकजुट भई सशक्त विरोधमा नउत्रिएसम्म जनताले आशा गर्दै आएको संविधानसभाबाट जनताको हकमा संविधान बन्नेवाला छैन। संसदकाल, पंचायतकाल, बहुदलकाल तथा गणतन्त्रकालमा पनि पुरानै खेलाडीहरू सत्ताको इर्द-गिर्द र निर्णायक भूमिकामा देखिदैछ। शासन व्यवस्था बदलिदै गएको छ तर पात्रहरू पुरानै देखिदै आएको छ। गिरगिट जस्तो रंग बदल्दै सबै व्यवस्थामा फिट हुने आफ्नो पक्षमा नियम कानुन बनाई सत्ता हत्याउँदै आएको छ। यिनीहरूको मनोमानी चल्न नदिन र तोकेको समयअवधि हैन, संविधानसभाबाट नै संविधान बन्नुपर्छ यसको विकल्प कुनै व्यवस्था छैन भने अठोट तथा प्रतिबद्धताको साथ जनताका सच्चा प्रतिनिधि सभासद्हरू, नागरिक समाज तथा युवा संगठनहरूले राजनैतिक दलहरूलाई सशक्त रुपमा दवाव दिनुपर्छ। सत्ताको खेलमा नलागी पार्टीप्रतिको मायामोह त्याग्दै सत्ताको खेलाडीहरूको विरोधमा उत्रिनु नै अहिलेको विषय हुन गएको छ। जनताको ठूलो कुर्बानी, बलिदानी र सहादतबाट प्राप्त भएको संविधानसभा कुनै व्यक्ति वा राजनैतिक दलको पेवा सम्पति होइन जब मन लाग्यो बिक्रीमा राखिदियो। कसैले संविधान भाड्ने खेल खेल्दैमा संविधानसभा भंग भैहाल्छ भने सोच्नु घटिया विचार हो। जनताको भावना अनुकुल संविधान नबनेसम्म यसको औचित्य रहिरहन्छ। किनकि संविधानसभाको चुनाव संसदीय व्यवस्था जस्तो बारम्बार हुँदैन। एक पटकको लागि मात्र संविधान बनाउन संविधानसभाको चुनाव भएको हुन्छ। तसर्थ नेताहरू भ्रमित नभई सहमतिका साथ छिटो भन्दा छिटो संविधानसभाबाट संविधान बनाउने तर्फ पुरै ध्यानाकर्षण गर्नुपर्छ। (मधेश दपर्ण फिचर सेवा

# माओवादीको अर्को रणनीति झलनाथलाई प्रधानमन्त्री

काठमाडौं / माओवादीले अर्को ट्याक्टिस अपनाएर झलनाथ खनाललाई प्रधानमन्त्रीको प्रस्ताव गरेको छ। माओवादीको प्रस्तावअनुसार झलनाथ खनाललाई प्रधानमन्त्रीमा समर्थन गर्दा भारत र कांग्रेस दुवैलाई पछार्न सकिने छ। नेता देव गुरुङले भनेका छन्, उनी प्रयोग भएका नेता होइनन्। कांग्रेसले उम्मेदवारी फिर्ता लिन्छ भने झलनाथ खनाललाई निशर्त समर्थन गर्न सकिन्छ। तर, संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएकाले सरकारको नेतृत्वको दाबी माओवादीको छ। माओवादीको नेतृत्व एमाले स्वीकार्छ भने पालैपालो सरकार चलाऔं भन्ने प्रस्ताव पनि माओवादीले राखेको छ।

माओवादीको यो रणनीति पछाडि 'वाम मोर्चा' निर्मण गर्ने रणनीति पनि रहेको छ। कांग्रेस र प्रजातान्त्रिक अन्य शक्तिहरूसँग टाँसिएको एमालेलाई छुटाउन सके वाम एकता बन्ने र यस्तो एकता भयो भने जनतन्त्रमा जाने र त्यहीअनुसारको संविधान निर्माण गर्न कसैले रोक्न नसक्ने माओवादीभित्रको अन्तर्निहित रणनीति रहेको छ। यही उद्देश्यबाट प्रेरित भएर माओवादी जसरी भएपनि सत्ताको नेतृत्व हत्याउने दाउ खेलिरहेको छ।

यद्यपि भन्नलाई माओवादीले कांग्रेसलाई पनि साथै लिएर जाने भनेको छ। तर कांग्रेसको नेतृत्व कुनै पनि हातलमा नस्वीकार्ने स्पष्ट बयान पनि माओवादीले दिएको छ। माओवादीले एमालेका अध्यक्ष मार्फत् चक्रिय प्रणाली अपनाएर पालैपालो सरकार चलाउने प्रस्ताव गरेपछि झलनाथ प्रधानमन्त्री बन्नका लागि समर्थन जुटाउन कांग्रेसको ढोका चहारिरहेका छन्। कांग्रेसले उम्मेदवारी फिर्ता दिएर संवैधानिक रिक्तता हुन नदिने र एमालेले असंवैधानिक, अलोकतान्त्रिक र प्रजातान्त्रिक अध्यासविरुद्ध तटस्थ बसेर अनैतिक काम नगर्न आग्रह गरिरहेको छ।

नेपाली राजनीतिमा कांग्रेस माओवादीको र माओवादी कांग्रेसको नेतृत्व अस्वीकार गर्ने जुहारी खेल्न थालेका छन्। यो एमाले घडीको रालो हल्लिएझैं हल्लिएको छ। एमालेका कारण प्रधानमन्त्री चुन्न व्यवस्थापिका संसद असफल बन्दै आएको छ। एमाले माओवादीले जेठ १४ गते गरेको ३ बुँदे सहमतिको पहिलो बुँदा पालना नगरेकाले उसको पक्षमा मतदान गर्नसक्ने पक्षमा छैन। मधेशी मोर्चाको ८२ मत पनि माओवादीलाई मतदान गर्न सक्ने अवस्थामा देखिन्न। तेस्रो चरणको निर्वाचनमा फोरमका ११ सदस्यले फ्लोर क्रस गरेपनि अब त्यो अवस्था पनि नरहेकाले माओवादी बाध्य भएर उम्मेदवारी फिर्ता लिएर पालैपालो सरकारको नेतृत्व गरौं भन्ने रणनीतिमा लागेको हो। माओवादीको यो रणनीति पनि भदौ ७ गतेको निर्वाचनबाट असफल हुने सम्भावना प्रवल छ। किनकी कांग्रेस सहमत भइदिएन भने प्रचण्ड र झलनाथले हावा खानेछन्।

FELICITATIONS



On the auspicious occasion of the Independence Day of Islamic Republic of Pakistan we wish the government and the people of Pakistan peace, progress and prosperity.
May the friendly relations between Nepal and Pakistan grow further in the years to come.

Abhiyan weekly Family

# भूमिगत समूहका कार्यकर्ता सार्वजनिक

पर्सा (वीरगन्ज)। जिल्ला प्रहरी कार्यालय पर्साले विभिन्न आपराधिक घटनामा संलग्न चारजना सशस्त्र भूमिगत समूहका कार्यकतालाई सार्वजनिक गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साले पत्रकारसम्मेलन गरी विभिन्न समयमा पक्राउ परेका उनीहरूलाई सार्वजनिक गरेको हो। सो अवसरमा प्रहरीले सशस्त्र प्रतीक समूहका पर्सा जिल्ला इन्चार्ज राजकुमार भनिने जीतेन्द्र गिरीसहित चारजनालाई सार्वजनिक गरेको छ। सो समूहका पर्सा जिल्ला इचार्ज गिरीलाई विभिन्न हतियारसहित पक्राउ गरिएको र उनी दुई दर्जनभन्दा बढी आपराधिक घटनामा संलग्न रहेको प्रहरी उपरीक्षक राजेन्द्रमान श्रेष्ठले बताउनुभयो। उहाँले सोही समूहका भारतीय नागरिक कन्हैया गुप्तालाई पनि वीरगन्ज-१८ बाट हतियारसहित पक्राउ गरिएको जानकारी दिनुभयो। त्यसैगरी पर्साको विश्रामपुरका चन्दन सिंह भनिने जीतेन्द्रप्रसाद कलवारलाई पनि हतियारसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। यस्तै, बारा जिल्ला निवासी सोही समूहका बिरा सहनीलाई पनि पक्राउ गरिएको प्रहरीले पत्रकार सम्मेलनमा बताएको छ। चारैजना बारा, पर्साका विभिन्न आपराधिक घटनामा संलग्न रहेको पनि प्रहरी उपरीक्षक श्रेष्ठले बताउनुभयो।

### माओवादीमा...

प्रक्रिया अघि बढाएकोमा उनको सभाषद् पद माओवादीले मातृका यादवको सभाषद् पद खारेज गरेझैं खारेज हुने भएको छ ।

अत्यन्त साहसका साथ आएका भन्दै माओवादीले रामकुमारलाई स्वागत गरेपनि उनीमाथि कारबाही थाल्दा माओवादीको सरकार बन्न नदिन भारतले साजिस र षडायन्त्र गरेको भनेर प्रतिक्रिया दिएको छ । माओवादीको यस्तो प्रतिक्रियालाई 'ताक परे तिवारी नत्र गोतामे' भन्ने विश्लेषण विश्लेषकहरूको छ ।

### राष्ट्रपति...

संकटले लोकतन्त्र र गणतन्त्रलाई असामयिक र असफलमात्र होइन, नेपालको माटो सुहाउँदो नभएको समेत सिद्ध गरिसकेको छ ।

राजनीतिक असफलता र संविधानसभाको औचित्यहिनताले सेरेमोनियल राष्ट्रपति विकल्प दिन अग्रसर हुने स्थिति सिर्जना गरिदिएको छ । राष्ट्रपतिले विकल्प दिनु भनेको विदेशी चलखेल र सर्वसत्तावादको उदय हुनु हो । जनताले निरंकुशता फाल्न आदेश दिंदा राजनीतिक दलहरूले जुन नचाहिने काम गरे, त्यसको सजाय देश र जनताले भोग्नु पर्ने दिन आयो भनेर बुद्धिजीवीहरू चिन्तित हुन थालेका छन् ।

### पाचौं...

कूटनीतिक र जनस्तरमा समेत नेपालको प्रधानमन्त्रीको निर्वाचन गाईजात्रा हुन पुगेको छ । एउटा प्रधानमन्त्री चुन्न नसक्ने संसद के काम ? हुन पनि शान्ति छैन, सुशासन र सुरक्षा छैन, राज्यका सबै सञ्जालमा असफल संविधानसभा नेपाल र नेपालीका लागि सराप बनेको छ ।

### प्रधानमन्त्रीका...

वास्तविकतालाई अहिले पनि दलहरूले स्वीकार गर्न नसक्नु राजनैतिक दलहरूले जनताप्रति गरेको राजनैतिक बेइमानी हो । प्रधानमन्त्री चुन्न असफल भएको व्यवस्थापिका संसद अहिले व्यवस्थापिका संसदको नियमावली संशोधन गरेर भएपनि प्रधानमन्त्रीका उम्मेदवार पुष्पकमल दाहाल र राचन्द्र पौडेलको उम्मेदवारी फिर्ता गरेरै भएपनि नयाँ प्रक्रिया थाल्ने पक्षमा गएको छ । राजनैतिक दलहरूको अकर्मण्यता र नालायकीपनकै कारण अन्तरिम संविधान पनि पटक पटक गरी दशौं पटक संशोधन गरिएको छ, त्यसैगरी संसदको नियमावली पनि पटक पटक संशोधन गरी तत्काललाई बाधा अड्चन फुकाए पनि भविष्यमा त्यसले पार्ने प्रभावका बारेमा कुनै राजनैतिक दलहरूले विचार नपुऱ्याएका हुनाले मुलुकमा राजनैतिक संकट उत्पन्न भएको छ । एउटा व्यक्तिलाई जागिर दिलाउनैका लागि संविधान नै संशोधन गर्न पछि नपर्ने दलहरूले प्रधानमन्त्री बनाउनका लाग संसदको नियमावली संशोधन गर्दैनन भन्ने के ग्यारेण्टी ? यसरी एउटा व्यक्तिका लागि संविधान र नियमावली संशोधन गर्ने हाम्रो संविधानसभा र व्यवसथापिका संसद, सभाषदहरूको नाम असफल व्यक्ति भनि किन गिनिज बुकमा नलेखाउने भन्ने चर्चा समेत चल्न थालेको त ।

### विरोधको...

सम्बन्ध सुधार गर्न सहयोग नपुग्ने जनाएकी छिन । माओवादी अध्यक्ष पुष्पकमल दाहालले भारतसँग सम्बन्ध सुधार गर्न गरिरहेको अनुरोधलाई दूतावासले सकारात्मक रुपमा लिएको भए पनि दूतावासका वरिष्ठ कूटनीतिज्ञहरूप्रति गरिएका गलत र आधारहिन प्रचारले सम्बन्ध सुधार गर्न गाह्रो पर्ने उनले जनाएकी छिन् । बेला बेलामा भारतप्रति कहिले नकारात्मक टिप्पणी गर्ने अनि कहिले सकारात्मक टिप्पणी गर्ने माओवादी नेतृत्वको द्वैध चरित्रले गर्दा आम नेपाली जनतामा भ्रम उत्पन्न भएको छ । नौ महिनासम्म सत्ताको बागडोर हातमा लिएका दाहालले प्रधानमन्त्रीबाट राजीनामा दिंदा भारतकै कारण आफूले राजनीनामा दिनु परेको बताएका थिए । त्यसपछिका सडक आन्दोलनहरूमा समेत माओवादीका नेताहरू भातमाथि खनिएका भएपनि अहिले विस्तारै उनीहरू भारतसँग सम्बन्ध सुधार गरेर सत्ता हत्याउने खेलमा लागेका छन् । जसको पछिल्लो प्रमाण हो, माओवादीकी सभाषद् रामकुमारी यादवलाई भारतमा उपचार गराउनका लागि स्वयं अध्यक्ष दाहालले एयरएम्बुलेनस मगाइदिन भारतीय राजदूत राकेश सूदलाई लिखित अनुरोध गरेपछि राजदूत सूदले एयरएम्बुलेन्स मगाइदिएका थिए । आफ्नो स्वार्थपूर्ति नभए विदेशी हस्तक्षेप देख्ने अनि स्वार्थपूर्ति भएमा हस्तक्षेप नदेख्ने नेपालका राजनैतिक दलका नेताहरूको प्रवृत्ति भारतीय नेताहरूले राम्ररी बुझेका हुनाले नै उनीहरू नेताहरूको नाडी छाम्न सफल भएको बुद्धिजिवीहरूको ठहर रहेको छ ।

### संविधानसभाको...

नाटक गर्नु बेकार छ । नयाँ चुनावको विकल्प छैन, ताजा जनादेश लिन लाग्नु पर्छ ।' खुमबहादुर खड्का जीपी कोइरालाले बीपी कोइरालाको नीति त्यागेर माओवादीको पुच्छर बन्दा कांग्रेसले वर्तमान दुर्गती भोग्नु परेको बताउने नेता हुन् । उनी आजपनि भन्छन्, राजतन्त्र र प्रजातन्त्रसँगै लिएर जाने हो भने कांग्रेस पुरानै स्थितिमा पुग्छ । माओवादीको पुच्छर बनेर कांग्रेसको दुर्गतिमात्रै हुन्छ ।

हुन पनि जिल्ला अधिवेशनहरूमा बीपीवादी युवाहरूले व्यापक रुपमा चुनाव जितेका छन् । कांग्रेसलाई कांग्रेस बनाउने र नेविसंघ नबनाउने हो भने जिल्ला जिल्लाबाट अगाडि आएक युवा नेतारुले कांग्रेसलाई नयाँ जीवन दिलाउन सक्ने विश्वास लिन सकिन्छ ।

### कट्वाल...

राष्ट्रपतिको हस्तक्षेप राष्ट्रिय हित र अधिकार क्षेत्रमा थियो कि थिएन ? तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कट्वालमाथि न्याय अन्याय के भएको थियो ? यस्ता अहं सवालहरूमा फैसलाले स्पष्ट गर्नेछ ।

सुरक्षाविदहरू भन्छन्, अन्तरिम काल, अन्तरिम संविधान भएको बेलामा यो फैसलाले दुरगामी असर पार्देन । नयाँ संविधान बनेपछि सबै विषयले स्थायी निकास पाउने भएकाले यो फैसला अस्थायी प्रकृतिको हुनेछ । नेपाली सेना राष्ट्रिय सेना भएकाले जस्तोसुकै समयमा पनि राजनीतिक हस्तक्षेप भएपनि फैसला संगठनकै पक्षमा हुने विश्वको परम्परा पनि रहेको छ ।

कट्वाल प्रकरण उचालेर माओवादालीले ६ महिना संसद अवरोध गऱ्यो र आमहड्तालको स्थितिसम्म ल्याएकाले पनि यो मुद्दाको फैसलालाई राजनीतिक, कूटनीतिक र नागरिक समाजले अति महत्व दिएका छन् । सर्वोच्चको जस्तोसुकै फैसला आएपनि केही दिनका लागि फैसलाले ठूलै तरङ्ग ल्याउने छ । स्मरणीय छ, कट्वाल सेवा निवृत्त भइसकेका छन् ।

### अब...

कुरा उठ्छ, अब हुँदा हुँदा चक्रिय प्रणालीबाट सरकार चलाउने रे ! कांग्रेस र करिब करिब एनेकपा माओवादी यसमा सहमत छन्, बाँकी एमाले ? उक्त पार्टीले पहिले देखिनै बहुमतीय सरकारको क्रिया खाएर बसेको हुँदा लाजैले पनि यसको विरुद्धमा छ । तर एनेकपा माओवादीले ठोस् प्रस्ताव पठाएमा झलनाथ बाजेले पनि नाइ भन्न सक्ने स्थिति छैन । ....सोझो अर्थमा भन्नुपर्दा काले काले मिलेर खाऊँ भाले (कम्युनिष्ट कम्युनिष्ट मिलेर...) नै हो । बाँकी रहयो हामी नेपाली जनता ? हामी त 'बेवकुफ द ग्रेट' न पर्यौं ! जे गरेपनि सहने !? कहि न भएको जात्रा हाँडी गाउँमा भनेको पनि शायद यही हो । सत्ताको हानाथापमा देशको सर्वभौम अस्तित्व समाप्त हुन नै आँटिसक्यो । भारतीय दूतावासका 'दास' भन्ने काउन्सुलरलाई उसको कर्तुतका बारेमा नेपाली जनता सामु पोल खोलिदिंदा सार्वभौम र शक्तिशाली मानिएको नेपाली 'संसद' का एक सभाद् रामकुमार शर्माको 'जागिर' खभैरे चट भएको छ । तमलोपा छाडेर एनेकपा माओवादी प्रवेश गरेका कारण 'जागिर' गुमाएको कुरा त बहाना मात्र हो । मुख्य कुरा काउन्सुलरको कर्तुतको भण्डाफोर गर्नु नै हो । यो हो हामी नेपालीहरूको नियती !! कसले पुऱ्यायो त त्यो अवस्थामा ? तिनै गणतन्त्र हो कि भाँडतन्त्रका पक्षपोषक राजनीतिक दलहरूले नै होइन त ? यहाँ के भी राजन, श्यामशरणहरू 'हिरो' हुन्छन । रकेश सुदहरूले आदेश थर्माउँछन् । किन त ? यहाँका नेताहरू भारत मुखी भए, यहाँका नेताहरू सत्ताका लागि जुनसुकै हदसम्म पनि जान सक्ने भए । यिनलाई नेपाली जनताको भन्दा भारतीय विस्तारवादको बढी भरोसा भयो । फेरी फुटाउ र राज गर भन्ने नीतिलाई खुबै जानेको भारतीय विस्तारवादले पनि यिनलाई 'राम्रै' सँग चलाउन जानेको छ । एक एकको कान फुक्दै झगडा लगाउन र फुटाएर फाइदा लिन तल्लिन छ भारतीय विस्तावद । हिजो आफ्नो काँडा राजतन्त्रलाई मिल्काउन यी सबैलाई एक गरायो भारतीय विस्तरवादले । आज उक्त काम सकिएपछि अब फेरी एक आपसमा झगडा लगाएर आफू भाले भइरहेछ, भारतीय विस्तरवाद । कस्ता अभागी परेछौं हामी । हामीलाई भारत जस्तो छिमेकी पऱ्यो-अस्ती एकजना बुज्रुग यसो भन्दै थिए । अब यो देशलाई बचाउने र बनाउने हो भने अहिलेका यी सबै राजनीतिक दलहरू जो मुख्य खेलाडी हौं भन्छन्हरूले जनता सामु आत्मा समर्पण गरेर आत्मालोचना गरी नेपाली जनताले मानी आएको परम्परागत शक्तिलाई पनि शिरोधार्य नगरी हुँदै हुँदैन । यिनको एक्लैको बलबुताले केही पनि हुँदैन पनि र सत्ता पिपासु यिनले देशका लागि केही गर्दा पनि गदैनन् । त्यसकारण हात उठाऊ... मैदान छाड !!

**धुम्रपान स्वास्थ्यको लागि हानी कारक छ । त्यसैले...**

# शर्मा घर न घाटका

काठमाडौं / तराई-मधेश लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनी महोत्तरी जिल्लाको ४ नं. क्षेत्रबाट संविधानसभामा निर्वाचित भएका रामकुमार शर्मालाई तमलोपाले दल त्याग गरेको कारण सभाषद पद खारेजीको प्रक्रिया अगाडी बढाएपछि निज शर्माले अत्तालिएर संविधनासभाका अध्यक्ष समक्ष २ गते सभाषद् पदबाट राजीनाम दिएका छन् । निज शर्मा पहिला पनि मओवादी पार्टीमा सक्रिय भएपनि तत्कालीन माओवादीले संविधानसभाको निर्वाचनमा उनलाई टिकट नदिएपछि उनी तमलोपामा प्रवेश गरेका थिए । तमलोपाबाट सभाषद बनेपनि उनलाई मन्त्री नबनाइदिएपछि उनी फेरी करीब एक वर्ष अगाडी माओवादीमै प्रवेश गरेका हुनाले दलत्याग सम्बन्धी ऐनमा व्यवस्था भएनअनुसार तमलोपाले उनलाई सभाषद्बाट हटाउने निर्णय गरेपछि उक्त निर्णयको विरुद्धमा माओवादी खनिएको छ । माओवदीको द्वैध चरित्र हेर्न लायकको भएको छ । केही समय पहिला माओवादीको टिकट बाट सभाषद बनेका मातृका यादव र जगत यादवलाई माओवादीले दल त्याग गरको भन्दै सभाषदबाट हटाएको थियो । त्यसका विरुद्ध यादव द्वय सर्वोच्च अदालत गएपनि अदालतले दल त्याग गरेको स्वीकार गर्दै उनीहरूलाई हटाउने निर्णय उचित भएको निर्णय दिएको थियो ।

आफ्नो दलका व्यक्तिहरू अन्य दलमा गएमा दल त्यागको सूचना दिएर सभाषदबाट हटाउने निर्णण गर्ने माओवादी अहिले अन्य दलका व्यक्ति आफ्नो दलमा प्रवेश गर्दा उनीहरूलाई कारबाही गरिनु हुन्न भन्ने पक्षमा अडिनु नै गैरराजनीतिक चरित्र हो । एउटा पार्टीको नीति तथा कार्यक्रमलाई आत्मसाथ गरेर चुनावमा जित्ने व्यक्तिले आफू निर्वाचित भएको दलबाट अन्य दलमा गएमा स्वतः पद खाली हुने व्यवस्था कडाइका साथ लागु गरिए पार्टीहरू विभाजित हुने अवस्था नै नआउने भएको हुनाले अहिले माओवादीले लिएको अडानमा कुनै तुक छैन । माओवादीले अहिले प्रधानमन्त्रीको निर्वाचनका बेला सभाषद् शर्मामाथि कारबाहीको प्रक्रियाअगाडी बढाउनु राजनीतिक दुराग्रह देखेको छ । माओवादीको त्यो आरोपमा कुनै सत्यता छैन । एकजना व्यक्तिको अभावमा प्रधानमन्त्रीको चुनावमा खासै अर्थ राख्दैन, माओवादीका अहिले २३७ सभाषद रहेका छन् । प्रधानमन्त्री चुनिनको लागि माओवादीलाई अहिले पनि ६४ सभाषदको आवश्यकता पर्दछ । मधेशवादी दल र नेकपा एमालेले समर्थन नगरेको खण्डमा प्रधानमन्त्री चुनिन सक्ने अवस्था छैन, रहेन । केहीसमय पहिला भारतीय राजदूतावासका काउन्सुलर सुब्रत दासले आफूलाई ज्यान मार्ने धम्की दिएको आरोप लगाउने सभाषद शर्माले पद यथावत राख्न दुतावासलाई आग्रह गरेपनि उनको आग्रह दूतावासले अस्वीकार गरेको हुनाले उनी दूतावास विरुद्ध खनिएका हुन् । विगत ७/८ वर्षदेखि निज शर्माले भारतीय गुप्तचर संस्था 'र' का लागि नेपालमा कार्य गर्ने गरेको रहस्य खुलेपछि अन्य 'र' का दलालहरू समेत अहिले विचल्लीमा परेका छन् । 'र' ले आवश्यकताअनुसार कार्य लागाउने अनि काम फत्ते भएपति उनीहरूलाई दुधमा परेको झिंगा झैं फलिदिने गरेको शर्मा काण्ड ले नै पुष्टि गरेको छ ।

**प्रशिक्षार्थी पत्रकार बनी काम गर्न इच्छुक छात्र छात्राहरूले यस पत्रिकाको कार्यालयमा सीधा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।**

**सम्पर्क**
**बागबजार, पिके अगाडि**
**फोन : ९८४९२५९२३५, ९७४१२४९१७२**

**वैदेशिक रोजगारीमा जाँदा स्वीकृत निकाय मार्फत् नेपाल सरकारबाट सूचिकृत मुलुकहरुमा मात्र जाऔं**



**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर